आज मिति २०७८ साल फागुन १६ गते जिल्ला प्रशासन कार्यालय, जाजरकोटका प्रमुख जिल्ला अधिकारी ललित कुमार बस्नेतको अध्यक्षतामा बारेकोट गा.पा., जाजरकोटमा एकीकृत घुम्ती शिविर सञ्चालन गर्ने सम्बन्धी बैठक देहायका उपस्थितिमा बसी तपसिल बमोजिमका निर्णयहरु गरियो।

उपस्थिति,

ललित कु० बस्नेत, प्र.जि.अ., जिल्ला प्रशासन कार्यालय, जाजरकोट।
महेन्द्र ब० शाह, अध्यक्ष, बारेकोट गा.पा., जाजरकोट।
श्याम ब० खत्री, प्र.ना.उ., जिल्ला प्रहरी कार्यालय, जाजरकोट
सुजित शाह, प्र.स.अ., रा.अ. जिल्ला कार्यालय, जाजरकोट
कृष्ण प्रसाद खतिवडा, स.प्र.जि.अ., जि० प्रशासन का०, जाजरकोट।
रुद्र ब० पहाडी, प्र.प्रा.अ०, बारेकोट गा.पा०, जाजरकोट।
इन्दिरा भुसाल, का.प्र., घरेलु तथा साना उ.वि.स०, जाजरकोट।
केशर ब० कार्की, प्र.नि., जि० प्रहरी का०, जाजरकोट।
रतिन राई, स.प्र.नि., स.प्र.बल, नेपाल गण हे.क्वा., जाजरकोट।
ललित बंग शाह, नि.जि.नि.अ०, जि० निर्वाचन का०, जाजरकोट।
गोपाल शाही, ना.सु०, जिल्ला प्रशासन कार्यालय, जाजरकोट।

निर्णय नं. १ जिल्ला जाजरकोट बारेकोट गाउँपालिका वडा नं. २, लिम्सामा मिति २०७८ साल फागुन २८ गते देखि चैत्र ३ गते सम्म जिल्ला प्रशासन कार्यालय, जाजरकोटले तयार गरेको प्रस्ताव बमोजिम एकीकृत घुम्ती सेवा, उपभोक्ता सचेतना एवं सार्वजनिक सुनुवाई कार्यक्रम जिल्ला प्रशासन कार्यालय, जाजरकोटको संयोजन तथा बारेकोट गा.पा., संगको समन्वय, सहयोग एवं सहकार्यमा सञ्चालन गर्ने निर्णय गरियो।

निर्णय नं. २ उक्त कार्यक्रम अवधिभर शान्ति सुरक्षाको व्यवस्था जिल्ला प्रहरी कार्यालय, जाजरकोटले मिलाउने निर्णय गरियो।

Scanned by CamScanner

ललित कुमार बस्नेत
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
जाजरकोट

## एकीकृत घुम्ती सेवा, उपभोक्ता सचेतना एवं सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्ने सम्बन्धी प्रस्ताव

**१. पृष्ठभूमि**

मुलुकमा भएको राजनैतिक परिवर्तन र संघीय शासन प्रणालीको अवलम्बन सँगसँगै आम जनताले त्यसमा पनि खासगरी बृद्ध, अपांगता भएका व्यक्तिहरुले घर आँगनमै नागरिकता लगायतका सार्वजनिक सेवा पाउने अपेक्षा गरेको देखिन्छ । यो जाजरकोट जिल्ला विकासको दृष्टिकोणले नेपालकै अत्यन्तै पिछडिएको जिल्लाको रुपमा रहेको छ । यहाँका अधिकांश गाउँ वस्तीहरु सडक यातायातको पहुँचभन्दा टाढा रहेकोले नागरिकता लगायतका सार्वजनिक सेवा प्राप्त गर्न धेरै दिन हिडेर सदरमुकाम आउनु पर्ने बाध्यता एकातिर रहेको छ भने अर्कोतिर हाम्रो विद्यमान नियम कानूनले धेरै कुराहरुमा प्रमाण कागजात हेर्ने र तोकिएको प्रक्रिया पुरा गर्नु पर्ने भएकोले आवश्यक प्रक्रिया एवं प्रमाण कागजात नपुग्दा पुन विकट गाउँमा फर्कनुपर्ने भई सेवा ग्राहीलाई सेवा लिन निकै झण्झट व्यहोर्नु परेको देखिएकोले स्थानीय सरकारसँगको समन्वय, सहयोग र सहकार्यमा एकीकृत घुम्ती सेवा कार्यक्रम संचालन गर्न आवश्यक देखिन्छ । साथै दुर दराजका सेवाग्राही एवं उपभोक्ताहरुमा सार्वजनिक सेवा , व्यवसायी एवं उपभोक्ताको हक अधिकार र दायित्व सम्बन्धमा उपभोक्ता सचेतना कार्यक्रम संचालन गर्न र सोही अवशरमा सार्वजनिक सुनुवाई कार्यक्रम समेत गर्न आवश्यक देखिन्छ ।

**२. उद्देश्य :** जनताको अपेक्षा एवं चाहना अनुसार जनताको घरआँगनैमै आधारभूत सेवाहरु पुर्याई जनतालाई परिवर्तनको प्रत्यक्ष अनुभूति दिलाउँदै राज्यप्रति आम जनताको अपनत्व एवं सकारात्मक धारणाको विकास गर्दै मुलुकमा विधिको शासन एवं सुशासन कायम गर्न सघाउनु ।

**३. वितरण गरिने सेवा एवं कार्यक्रम :**

(क) नागरिकता वितरण
(ख) फोटो सहितको मतदाता नामावली संकलन
(ग) उद्योग एवं वाणिज्य दर्ता
(घ) विभिन्न सार्वजनिक सेवा र ती सेवा प्राप्त गर्ने गरिका सम्बन्धी विषयमा जानकारी
(ङ) उपभोक्ता सचेतना तथा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन
(च) विभिन्न विकास निर्माण कार्य एवं स्थानीय सुरक्षा इकाइहरुको स्थलगत निरीक्षण
(छ) स्थानीय सरकारसँगको समन्वयमा स्थानीय सरकारबाट संचालन गरिने विभिन्न कार्यक्रम

**४. कार्यक्रम संचालन गर्ने स्थान र अवधि :**

बारेकोट गाउँपालिकाको केन्द्र रहेको स्थान लिम्सा, बारेकोटमा २०७५ फागुन २८ गतेदेखि २०७५ चैत्र ४ गतेसम्म

ललित कुमार बस्नेत
प्रमुख जिल्ला अधिकारी

Scanned by CamScanner

ललित कुमार बस्नेत
प्रमुख जिल्ला अधिकारी

**५. एकीकृत घुम्ती सेवामा संलग्न कार्यालय र कर्मचारी**

जिल्लाको समग्र सेवा प्रवाहलाई समेत सुचारु गर्न दुई चरणमा कर्मचारीहरु परिचालित हुने । पहिलो चरणमा खटिने कर्मचारी २०७५ फागुन २८ गतेसम्म कार्यक्रम संचालन गर्ने स्थानसम्म पुग्ने र दोस्रो चरणमा जाने पदाधिकारी एवं कर्मचारी २०७५ चैत्र २ गते पुग्ने ।

**पहिलो चरण :**

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय, जाजरकोट | ६ जना |
| जिल्ला अस्पताल, जाजरकोट | १ जना |
| जिल्ला निर्वाचन कार्यालय , जाजरकोट | ३ जना |
| घरेलु तथा सा.उ.विकास स. शा.का., जाजरकोट | २ जना |
| कूल जम्मा | १२ जना |

**दोस्रो चरण :**

प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुखहरु, डिभिजन वन प्रमुख सहित १३ जना

**६. अनूमानित बजेट र खर्च व्यहोर्ने निकाय :**

| खर्चका क्षेत्रहरु | अनुमाति रकम | खर्च व्यहोर्ने निकाय | कैफियत |
|---|---|---|---|
| पदाधिकारी एवं कर्मचारी सेवा प्रवाह स्थलसम्म जाँदा र आउँदा लाग्ने इन्धन एवं यातायात खर्च | ४०,००० | बारेकोट गा.का.का. | |
| कार्यक्रममा खटिने कर्मचारीको दैनिक भ्रमण भत्ता एवं बास खर्च | २,००,००० | बारेकोट गा.का.का.र सम्वन्धित कार्यालयले समन्वय गरी | |
| विविध मसलन्द खर्च | १०,००० | जिल्ला प्रशासन का. | |
| उपभोक्ता सचेतना एवं सार्वजनिक सुनुवाइ कार्यक्रममा चिया नास्ता | १०,००० | बारेकोट गा.का.का. | |
| उपभोक्ता सचेतना एवं सार्वजनिक सुनुवाइ कार्यक्रममा व्यानर, प्रशिक्षक एवं अन्य खर्च | १०,००० | जि.प्र.का. जाजरकोट | |

ललित कुमार बस्नेत
प्रमुख जिल्ला अधिकारी

Scanned by CamScanner

जिल्ला प्रशासन कार्यालय जाजरकोट

ललित कुमार बस्नेत
प्रमुख जिल्ला अधिकारी

| | | | |
|---|---|---|---|
| अन्य विविध खर्च | १०,००० | बारेकोट गा.का.का. | |
| कुल जम्मा | २,८०,००० | | |

**७. अपेक्षित उपलब्धी :**

(क) करिव ५०० जना सेवा ग्राहीलाई स्थानीय तहकै पायक पर्ने ठाउँमा नागरिकता वितरण भएको हुने ।

(ख) करिव ६०० वालिक नेपालीको फोटोसहितको मतदाता नामावलीमा नाम संकलन भएको हुने ।

(ग) १५ उद्योग एवं वाणिज्य दर्ता भएको हुने ।

(घ) करिव ५०० जना स्थानीय उपभोक्तालाई सचेतना दिइने ।

(ङ) करिव २०० स्थानीय सेवाग्राही एवं सरोकारवाला निकाय सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागी भई सेवा प्रदायकसमक्ष आवश्यक सल्लाह सुझाव, गुनासो राख्ने ।

**८. निष्कर्ष :** स्थानीय तहसँगको समन्वयमा उपयुक्त समयमा एकीकृत घुम्ती सेवा, उपभोक्ता सचेतना एवं सार्वजनिक सुनुवाई कार्यक्रम गर्न वाञ्छनीय देखिन्छ ।

ललित कुमार बस्नेत
प्रमुख जिल्ला अधिकारी

प्रस्तावक :
स्थानीय प्रशासन शाखा ,
जिल्ला प्रशासन कार्यालय, जाजरकोट

Scanned by CamScanner